This file has been cleaned of potential threats.

If you confirm that the file is coming from a trusted source, you can send the following SHA-256 hash value to your admin for the original file.

4539e7ba0fb3af2576c73b365a4a61e57ef46c1007eb6946bd07303c619295aa

To view the reconstructed contents, please SCROLL DOWN to next page.

सामाजिक
# सुरक्षा खबर
सामाजिक सुरक्षा कोष
Social Security Fund
सामाजिक सुरक्षा कोषको मासिक प्रकाशन

OCT-NOV 2020 |Vol. 7 कार्तिक,२०७७ www.ssf.gov.np




## सामाजिक सुरक्षा कोष
बबरमहल काठमाण्डौ

भित्र..............................



पेज नं. २
सामाजिक सुरक्षा कोष र सुचना प्रविधिको प्रयोग
- विष्णुप्रसाद पोखरेल



पेज नं. ४
बाटो बिराएको कोरोना बीमालेख
- दिनेश कुमार कोइराला



पेज नं. ६
अमेरिकी चुनाव : सामाजिक सुरक्षा र स्वास्थ्य बीमाको बहस
- रोशन कोजू , पिएचडी

आलेख

# सामाजिक सुरक्षा कोष र सुचना प्रविधिको प्रयोग



विष्णुप्रसाद पोखरेल
सहायक कम्प्युटर अपरेटर, सा.सु. कोष

नेपालमा सरकारी कार्यालय भनेपछि अधिकांशलाई झट्ट सम्झनामा सकारात्मक भन्दा पनि नकारात्मक कुराहरु धेरै आउने गरेका छन्। अझ सेवा प्रवाहको क्रममा हुने झन्झट र हैरानी भोगेरै होला सरकारी कार्यालय र सरकारी कर्मचारीलाई देखेर सरकारी काम कहिले जाला घाम भन्ने उखानलाई ब्यङ्गको रुपमा लिने प्रचलन यद्यपि कायमै छ। विश्व एक हातमा अडिएको वर्तमान समयमा अझै पनि कम्प्युटरको किबोर्ड राम्ररी चलाउन नसक्ने र ढड्डाकै रुपमा अड्डा सञ्चालन गर्ने कर्मचारीको प्रवृत्तिले गर्दा सरकारी कार्यालयहरु सेवाग्राहीका लागि सहज रुपमा सेवा लिने माध्यम नभइ झन्झटिला माध्यम बन्न पुगेका हुन्। सरकारी कार्यालयहरु सेवाग्राहीमैत्री हुनुपर्छ भन्ने सर्वब्यापी मान्यता र सिद्धन्त हो। यही सिद्धान्तलाई आत्मसात गर्दै सरकारी कार्यालयहरुमा पनि पछिल्लो समय सुधारात्मक कार्यहरु भइरहेका छन्। सरकारी कार्यालयहरु विस्तारै प्रविधिमैत्री बन्दै गएका छन्। यसको उदाहरणका लागि पानी, विजुली र टेलिफोनको विल तिर्नेदेखि समाजिक सुरक्षामा रकम योगदान गर्न कार्यालयमै धाइरहनुपर्ने बाध्याता सेवाग्राहीलाई छैन। यसरी प्रविधिलाई आत्मसात गरी सार्वजनिक सेवाप्रवाहलाई पूर्णरुपमा प्रविधिमैत्री बनाउने कार्यमा समाजिक सुरक्षा कोष अग्र स्थानमा रहेको छ। देशका ७ प्रदेशका १२ हजार बढी रोजगारदाता र १ लाख ७९ हजार बढी योगदानकर्ता आबद्ध कोषले आफ्ना सम्पूर्ण सेवाग्राहीलाई सूचनाप्रविधिकै माध्यमबाट सेवा प्रवाह गर्दै आएको छ।

विश्वभर फैलिएको कोरोना महामारीका कारण भौतिक रुपमा उपस्थित भएर सेवा प्रदान गर्न निकै समस्या भइरहेको अवस्था छ। अझ नेपाल जस्तो सीमित स्रोत साधनमा चल्नुपर्ने बाध्यता रहेको देशमा त अधिकांश सेवाहरु भौतिक रुपमा उपस्थित भएर प्रवाह गर्नुको विकल्पै छैन। अर्कोतर्फ देशको भौगोलिक सामाजिक आर्थिक अवस्थालाई विश्लेषण गर्दा चाहेर पनि सबै समुदाय र स्तरलाई सूचना प्रविधिको माध्यमबाट सेवा उपलब्ध गराउन सम्भव देखिँदैन। यस्तो अवस्थामा थुप्रै निकायहरुको सेवा प्रभावित भए भने सेवाग्राहीहरु सेवा पाउनबाट बञ्चित भए। तर सातै प्रदेशका रोजगारदाता र योगदाकर्ता आवद्द रहेको सामाजिक सुरक्षा कोषले आफ्ना सम्पूर्ण सेवा अनलानईको माध्यमबाट प्रदान गरेकै कारण कोषबाट सेवाग्राहीलाई सेवा पाउन त्यति कठिनाई भएन। कोरोना भाईसरको महामारीले प्रभाव जमाइ देश बन्दाबन्दीको मारमा परिरहेका बेला समाजिक सुरक्षा कोषमा भने योगदानकर्ता आबद्ध हुने क्रम बढिरहेको थियो। बन्दाबन्दीको समयमा मात्रै कोषमा ३ सय बढी रोजगारदाता र ३४ हजार योगदानकर्ता सूचीकृत भएका छन्। यसबाट पनि अनुमान लगाउन सकिन्छ कि सामाजिक सुरक्षा कोष कति प्रविधिमैत्री रुपमा अगाडि बढिरहेको छ भन्ने कुरा।

## सामाजिक सुरक्षा कोषमा सूचनाप्रविधिको प्रयोग

कोषले सेवाग्राहीका गुनासा तथा समस्या समाधान गर्नका लागि नियमित सम्पर्क नम्बरका साथै कल सेन्टरको व्यवस्था गरेको छ जसबाट सेवाग्राहीले आफूलाई परेका समस्या समाधान गर्न सकेका छन्। यसका अलावा हटलाईन नम्बर ११६६ को माध्यमबाट पनि सेवाग्राहीलाई सेवा दिने गरिएको छ। त्यस्तै मोबाइल नम्बर ९८५१२१७८९३ मा सीधा फोन गरेर पनि समस्या राख्न सकिन्छ। त्यस्तै समाजिक सुरक्षा कोषले प्रदान गर्दै आएका स्कीमहरुका बारेमा कुनै गुनासो भएमा info@ssf.gov.np इमेलमार्फत तथा सोझै फोन गरेर बुझ्न सकिनेछ। जस्तै IT सपोर्टका लागि ९८५११५१३०९ मा फोन वा itsupport@ssf.gov.np, दावी भुक्तानीका लागि calim@ssf.gov.np, हिसाब मिलानका लागि reconsupport@ssf.gov.np मा email गरेर सेवा प्राप्त गर्न सकिन्छ। कोषमा सूचीकरण हुनका लागि केही समस्या भएमा regsupport@ssf.gov.np मा email गर्न सकिने व्यवस्था मिलाइएको छ।

### अन्य सुविधाहरु

समाजिक सुरक्षा कोषमा योगदान रकम जम्मा गर्न बैंकसम्म धाइरहनुपर्ने बाध्यता योगदानकर्तालाई छैन। Ips Connect सेवा लिएका योगदानकर्ताले आफ्नै मोबाइलबाट तथा नभएको खण्डमा Ips Connect सेवा भएको नजिकको बैक तथा वित्तीय संस्थामा गएर योगदान रकम जम्मा गर्न सकिन्छ। योगदानकर्ता स्वयंले आफूले योगदान गरेको रकम हेर्न चाहेमा Sosys Online Registration Login गरी SSID र Password राखेर घरमै बसेर आफैले हेर्न सक्छ। त्यसैगरी कुनै योगदानकर्ता भुलवश रोजगारदाताले हटाएमा Employer Menu Login गरी By Existing मा गएर SSID राखेर Search गरी Save गरेपछि पुनस्थापित हुन सक्छ। कुनै योगदानकर्ताले रोजगारदाता परिवर्तन गरी नयाँ रोजगारदाता कम्पनीमा आबद्ध भई पहिलाको कम्पनीमा रहँदाका बखत प्राप्त गरेको SSID र Password प्रयोग

गरेर सहजै योगदान गर्न सक्छ । त्यस्तै कोषले ग्राहकलाई परेका समास्या प्रत्यक्ष रुपमा गर्न Any Desk को प्रयोग गर्ने गरेको छ जसबाट प्रत्यक्ष रुपमा नै ग्राहकको समस्याको पहिचान र समाधान हुन सकेको छ। जसले ग्राहकको सन्तुष्टीको सूचकलाई उचाईमा पुर्‍याएको छ भन्दा फरक पर्दैन। त्यतिमात्रै होइन SSF Nepal Viber ग्रुपको माध्यमबाट कोषले दैनिक रुपमा कोषमा दैनिक सूचीकृत भएका रोजगारदाता योगदानकर्ता र योगदान गरेको रकमको एकमुष्ट विवरण समावेश गरी सूचना प्रकाशन गर्दै आइरहेको छ। यसरी कोषमा दैनिक योगदान गर्नेदेखि कोषबाट दावी रकम भुक्तानी भएसम्मको रकम र अन्य सूचना एक Click मै प्राप्त गर्न सकिने भएकाले कोष प्रशासनिक, आर्थिक र व्यवस्थापकीय पारदर्शीताको पाटोमा पनि अब्बल भएको पुष्टि हुन्छ।

**अन्त्यमा**

नेपालको परिदृश्यलाई नजिकबाट नियाल्ने हो भने अझै पनि सबै समुदायमा सूचना र प्रविधिको पहुँच विस्तार हुन सकेको छैन । यस्तो अवस्थामा सेवा प्रवाहलाई कागजीरुपबाट मेटाएर कम्प्युटरीकृत गराउन तत्कालै त्यति सहज भने छैन। अझ सामाजिक सुरक्षा कोषको हकमा त यो निकै चूनौतिपूर्ण छ किनकि कोषमा आबद्ध भएका योगदानकर्ता सबै प्रविधिको पहुँचमा छन् भन्न सक्ने अवस्था छैन समाजिक सुरक्षा कोष श्रमिकहरुको कोष हो। नेपालमा श्रम गर्ने श्रम शक्ति सबै समान हैसियत र स्तरका छैनन्। त्यसैले कोषले आगामी दिनमा आफ्नो भूमिकालाई बढाउनु सान्दर्भिक हुन्छ।




सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि (पहिलो संशोधन सहित), २०७५ का लागि बायाँ दिईएको QRस्क्यान गर्नुहोस्।

दृष्टिकोण

# बाटो बिराएको कोरोना बीमालेख



दिनेश कुमार कोइराला
उप निर्देशक, सा.सु. कोष

***बीमामा सामान्य रुची राख्ने जो कोहीलाई पनि थाहा भएको विषय हो कि महामारीको बीमा नै हुँदैन । बीमाको एउटा व्यवहारिक सिद्धान्तको रुपमा ठूलो संख्याको नियम (ल अफ लार्ज नम्बर) लाई मानिन्छ । यसको अर्थ जति धैरै बीमा गर्ने बीमितको संख्या बढ्दछ त्यति नै बीमा पुलको आकार ठूलो भई बीमा कम्पनीहरु दाबी भुक्तानीको निम्ति सक्षम बन्न सक्दछन् । तर महामारीको समयमा दाबीकर्ताहरुको संख्यामा अत्यधिक वृद्धि हुन गई बीमा पुलमा रहेको रकमले दाबी धान्न सक्दैन फलस्वरुप बीमा कम्पनीहरुको सल्भेन्सीमा प्रश्न उठ्न सक्दछ भने अत्याधिक दाबी पर्न गएको अवस्थामा बीमा कम्पनिहरु नै टाट पल्टन सक्छन् । त्यसैले महामारीको बीमा गर्नु ठूलो संख्याको सिद्धान्तको विपरित मात्र हुँदैन र यो बीमाप्रतिको अविश्वासको कारण समेत बन्न सक्छ ।***

***तर नेपालमा बीमा समितिजस्तो ५२ बर्षको गौरवशाली इतिहास बोकेको बीमा क्षेत्रको नियामक निकाय आफैंले कोभिड १९ लाई विश्व स्वास्थ्य संगठनले महामारी घोषणा गरिसकेको अवस्थामा कोरोना बीमालेख जारी गर्‍यो । शुरुमा पिसिआर पोजेटिभ देखिने वित्तिकै १ लाखसम्म रकम दाबी भुक्तानी गर्ने भनिएको बीमालेख बीमाको सर्वमान्य क्षतिपूर्तिको सिद्धान्तको समेत बर्खिलाप रहेको थियो । यसरी सामान्य सुझबुझलाई थाती राखेर बैशाख ७ बाट लहैलहैमा बिक्री शुरु भएको कोरोना बीमालेखले बीमाका आधारभूत सिद्धान्तहरुलाई नपछ्याएका कारण आलोचित मात्र बनेन कार्यविधिमा पटकपटक परिमार्जन नै गर्नुपर्यो । लखपतीको आकर्षक विषेशता बोकेको कारण हुन सक्छ बहस कै बिच पनि झण्डै २० लाख व्यक्तिले खरिद गरिसकेको कोरोना बीमालेखलाई लोककल्याणको आदर्श तेर्स्याएर अहिले सामाजिक बीमाको जामा भिराउने प्रयास गरिएको देखिन्छ ।***

टर्की, चिन लगायतका अन्य केही देशहरुले कोरोना बीमा अघि नसारेका भने हैनन् । तर ती देशहरुले कोरोना बीमालाई कि त स्वास्थ्य बीमाअन्तर्गत कोभिड उपचारमा लागेको खर्चको क्षतिपुर्ति गर्ने गरी व्यवस्थापन गरेका छन् कि त भने बीमा पूरक (राइडर) को रुपमा मृत्यु सुविधा दिने गरि अगाडि सारेका छन् । तर हामीले न त यसलाई राइडरको रुपमा व्यवस्था गर्यौं जसले अतिरिक्त बीमाशुल्क लिएर जोखिमको रक्षावरण गरोस् र कोरोनाका कारण भएको मृत्युको बखत सुविधाको प्रत्याभूति गरोस् । हामीले उपचार खर्चसँग बीमाशुल्क र दाबी भुक्तानीको तालमेल मिलाएनौं बरु दाबीमा भएको अनपेक्षित वृद्धिबाट तर्सिएर एक पछि अर्को शर्तहरु थप्दै गयौं जसले बीमाप्रतिको विश्वासमा समेत प्रश्न चिन्ह खडा गर्ने काम गर्यो ।


हामीले त हाम्रै सुरले कोरोना बीमालेख डिजाइन गर्यौं । हामीलाई बीमाले वहन गरेको जोखिमको पुनर्बीमाको व्यवस्था नगरी बीमालेख जारी गर्न हुन्न भन्ने सामान्य सुझबुझसमेत रहेन किनभने हामीलाई त कोभिडले आहत पार्नेवाला नेपालीलाई पौष्टिक खानेकुरा किन्न पुग्ने गरी रकम प्रदान गर्ने हतारो थियो । हामीलाई बीमाले मान्छेलाई अतिरिक्त धनी बनाउने हैन भन्ने कुरा पनि मन परेन । हामीलाई त बीमा गर्ने कोरोना पिडितको हातमा खनखन्ती लाखको बिटो थमाइ दिने ब्यग्र चाहना थियो । यस्तै लहैलहैमा हामीले कोरोना बीमालेख बनायौ । जब फटाफट कोरोना बिमारीहरु हस्पिटलको ओछ्यानमा पल्टिएर पौष्टिक आहारको निम्ति दाबी तेर्स्याउन आए अनि मात्रै हामी झल्याँस्स भयौं । हामीलाई बल्ल कोरोना साँच्चिकै महामारी हो भन्ने लाग्न थाल्यो । बल्ल हामीले क्षतिपूर्तिको सिद्धान्त सम्झियौं अनि उपचार खर्चको आधारमा दाबी पाइने व्यवस्था थपि दियौं तैपनि हामीमा रहेको इखले हामीलाई पुरै मोडिन नदिएकाले बीमाङ्कको २५ प्रतिशत रकम कोरोना देखिने बित्तिकै राहत स्वरुप पाउने गरी कताकता सामाजिक बीमाको जड्यौरी जामा भिडाइ दियौं ।

## के कोरोना बीमा सामाजिक बीमा हो ?

यसको एउटै जवाफ भनेको “हुन सक्थ्यो तर हैन” हो । जसरी रातभरी चोरी गरेर बिहान निधारमा श्रिखण्डको तिलक लगाउँदैमा कुनै व्यक्ति साधु हुँदैन । त्यसरी नै नाफा कमाउने मनसायबाट आएको साधारण कोरोना बीमालाई सामाजिक बीमाको लेप लगाउँदैमा सामाजिक बीमा भनी भन्न मिल्दैन । यसका प्रशस्तै कारणहरु रहेका छन् ।

पहिलो कारण त सामाजिक बीमाको दायरा वृहत हुन्छ । सामाजिक बीमामा आर्थिक रुपमा कोही सहभागी हुन सकेन भने त्यसको जिम्मा सरकारले लिन्छ । यहाँ त निजामती कर्मचारी, आर्मी, पुलिसलगायतको मात्रै कोरोना बीमा शुल्कमा अनुदान दिएर सरकारले सरकारी जागिरेहरुको नै बीमा गरिदिने जिम्मा लिएको छ तर सामान्य मान्छेको बीमाको जिम्मा सरकारले लिएको छैन । सामाजिक बीमा लोक कल्याणमा आधारित हुन्छ र लोक कल्याणको सिद्धान्तले सबै नागरिकलाई बराबर देख्छ तर कोरोना बीमाको सन्दर्भमा सबै नागरिकको कल्याण सुनिश्चित भएको छैन ।

त्यसैगरी कोरोना बीमा सामाजिक बीमा नहुनुको दोस्रो कारण भनेको जसले जति तिर्न सक्छन् तिनीहरुले पाउने सुविधा



उनीहरुले तिरेको बीमा शुल्कका आधारमा फरक गरिएको छ। जस्तै रु ५०० तिरेर बीमा गर्नेले रु ५० हजार र रु १००० तिरेर बीमा गर्नेले रु १ लाखसम्म दाबी प्राप्त गर्न सक्छन् तर सामाजिक स्वास्थ्य बीमामा त्यस्तो विभेद नगरी सबैलाई समान गरिएको हुन्छ। बढी तिर्न सक्नेले तिरेको बढी बीमा शुल्कबाट कम तिर्नेहरुलाई समेत समान सुविधा दिई पुनर्वितरणमा जोड दिइएको हुन्छ। सामाजिक बीमा हुन्थ्यो भने व्यक्तिको तिर्न सक्ने क्षमताका आधारमा बीमा शुल्क लिइन्थ्यो तर सुविधा समान दिइन्थ्यो।

कोरोना बीमा सामाजिक बीमा नहुनुको तेस्रो कारण भनेको सामाजिक बीमा कार्यक्रम कुनै पनि कारण घाटामा गई क्षति वहन गर्न नसक्ने अवस्थामा पुगेमा सरकारले त्यस्तो दायित्व वहन गर्दछ। कोरोना बीमाको सन्दर्भमा निश्चित संख्याभन्दा माथिको दाबी बीमा समिति र सरकारले ब्यहोर्ने भनी सहमती भएको भनिएकोमा अर्थ मन्त्रालयले त्यस्तो सहमति नै नभएको जनाइसकेको छ भने सरकारी रकमको सम्भावित दुरुपयोगको विषयमा अख्तियारमा मुद्दा समेत दर्ता भएको अवस्था छ। त्यसले पनि यो सामाजिक बीमा हैन भन्ने प्रमाणित गर्दछ।

सामाजिक बीमा नेपालमा भर्खरै मात्र शुरु भएको छ। यसलाई आम नागरिकमा पुऱ्याउन सरकारले स्वास्थ्य बीमा बोर्ड, सामाजिक सुरक्षा कोषजस्ता छुट्टै संस्थागत व्यवस्था समेत गरेको छ। प्रत्येक संस्थाका आफ्नाआफ्ना सीमा र दायरा रहन्छन्। सामाजिक बीमाको सन्दर्भमा गठित उल्लेखित संस्थाहरुका ऐनले सामाजिक बीमा सञ्चालन गर्न अनुमति दिन्छ तर समग्र बीमा क्षेत्रको नियमन, निर्देशन, विस्तार र विकास गर्ने उदेश्य बोकेको बीमा समितिले कोरोना बीमालेखलाई सामाजिक बीमाको लेप लगाइदिएर निर्जीवन बीमा कम्पनीलाई त्यसको बिक्रीको जिम्मा दिएको छ। तसर्थ यो बीमा सामाजिक बीमा हैन व्यवसायिक बीमालेख नै हो।

## त्यसो भए के कोरोना बीमा लघु बीमा हो त ?

यसको जवाफ पनि "हुन सक्थ्यो तर हैन" भन्ने नै हो। किनभने एकातिर बिमा समितिले कोरोनालाई घातक रोगहरूको सूचीमा सूचीकृत गरेको छ भने अर्कातिर कोरोना बिमालाई लघु बिमासरह मान्यता दिएको छ। कोरोनालाई घातक रोग मान्ने हो भने घातक रोगको उपचार लघु बिमाबाट गर्ने भन्ने तर्क नै हाँस्यास्पद छ।

अर्को कुरा, लघु बिमाको अर्थ आकारमा सानो रकमको बिमा भन्ने मात्र हुँदैन। लघु बिमा हुनका निम्ति त्यस्तो बीमा सर्वसुलभ रुपमा उपलब्ध (एसेसेवल) हुनुपर्दछ तर यहाँ त कोरोना बीमा व्यक्तिले नभई समूहले मात्र किन्न सक्ने भनिएको छ। त्यसैगरी, महामारीका कारण पटकपटक भएको लकडाउन तथा निषेधाज्ञाका कारण बीमालेख किन्न बीमा कम्पनीसम्म जाने सहज अवस्थासम्म नभएको यस्तो अवस्थामा यसको सहजता कसरी सुनिश्चित गरिएको छ ? प्रविधिमा अभ्यस्त नभएका लाखौ जनता भएको देशमा सिमित टाठाबाठाहरुबिच मात्रै उपलब्ध भएको कोरोना बीमा कसरी लघु बीमा हुन सक्दछ ?

लघु बीमा हो भने त्यो किन्न सकिने (अफोर्डेवल) हुनु आवश्यक छ। लक डाउनले रोजगारी गुमाएर सरकार र सहृदयी मनहरुले बाँडेको राहतको लाइनमा लागेको एउटा श्रमिकले परिवारको हातमुख जोड्ने रासनको जोहो गरोस् कि ६०० प्रतिव्यक्ति तिरेर परिवारको कोरोना बीमा गरोस् ? यी आधारहरुलाई केलाएर हेर्ने हो भने कोरोना बीमा लघु बीमा हुनै सक्दैन।

कतै आकारमा सानो देखाएर लघु बीमा हो भन्दै सरकारले तोकेभन्दा बढी प्रतिशत लघु बीमा बेचेको उत्कृष्ट प्रगति देखाउन बीमा कम्पनीहरुले यसलाई लघु बीमाको लेप त घसिदिएका हैनन् ? निवर्तमान अर्थमन्त्रीले गत जेष्ठ २ गतेको बीमकहरुसमेत सहभागी बीमा समितिको अनलाईन बार्षिकोत्सवमा लघु बीमामा जोड नदिए छुट्टै बीमा कम्पनी खोलेर अघि बढ्न सकिने बक्तव्य दिनु र बीमा कम्पनीले कोरोना बीमा गरिब, निम्न आय भएका व्यक्तिहरुले किन्न सक्ने गरी ल्याइएको लघु बीमा हो भन्ने तर्क गर्नुलाई बाख्रा हराउनु र स्याल कराउनु जस्तै संयोग मात्र मान्न सकिन्छ त ? प्रश्न गर्ने प्रशस्त आधार देखिन्छन्।

## के हो त कोरोना बीमा ?

कोरोना बीमा वास्तवमा जसले जेसुकै भने पनि सैद्धान्तिक विचलनका कारण बाटो बिराएको अदुरदर्शी बीमालेख हो। भलै बीमा समितिले पटकपटक मापदण्ड परिमार्जन गरेर भए पनि केही अभिभावकत्व प्रदान गर्दा शुरुका दिनमा रहेको चिट्टाजस्तो विषेशतालाई छाँयामा पारेर सामाजिक बीमाको जामा भिडाउन खोजेजस्तो देखिन्छ।

अहिले बीमा समितिको नेतृत्व वा बीमा कम्पनीहरुले जे भने पनि नेपालमा कोरोनाको संक्रमण त्यति धेरै नहुने र लकडाउनका कारण गुमेको निर्जीवन बीमा कम्पनीहरुको क्यास फ्लोलाई केही हदसम्म मेन्टेन गर्न सक्ने देखेर कोरोना बीमालेख आएको देखिन्छ। भलै यो कर्पोरेट सोसल रेस्पोन्सिविलिटी अन्तर्गत आएको होस् यसको डिजाइनमा प्रशस्त त्रुटीहरु रहेका छन्।

सबै बीमा कम्पनीहरुले बेच्ने सबै खाले बीमालेखहरुलाई पर्याप्त अध्ययन तथा बिमाङ्कीय परामर्श समेत गरेर स्वीकृति दिनुपर्ने बीमा समिति आफैले डिजाइन गरेको कोरोना बीमालेख किन यो हदसम्म त्रुटिपूर्ण हुन पुग्यो ? यो विषय निश्पक्ष समीक्षाको विषय बन्नुपर्दछ। पछिल्ला दिनमा बीमा समितिको नेतृत्वले केही गल्ती भएको महशुस गरेको छ तर आम नागरिकको अर्बौं लगानी रहेका बीमा कम्पनीहरुलाई नियमन गर्ने बीमा समितिलाई गल्ती गर्ने छुट कदापि छैन। ५२ बर्षको इतिहास बोकेको परिपक्व संस्थाले गरेको आलोकाँचो निर्णयको नकारात्मक असर आम व्यक्ति तथा सिङ्गो बीमा क्षेत्रले भोग्न सक्दैन। तसर्थ यस विषयमा समीक्षा भई आगामी दिनमा सम्बन्धित संस्थाको प्रभावकारिता अभिवृद्धिमा जोड दिइनुपर्दछ।

अन्त्यमा, कोरोना बीमालेख न त सामाजिक बीमा हो न त लघु बीमा हो, बरु यो त हचुवा नीति निर्माणले निम्त्याएको त्रासदीको नमुना हो।





विचार

रोशन कोजू, पि.एच.डी
निर्देशक, सा.सु.कोष

# सन् २०२० को अमेरिकी चुनाव : सामाजिक सुरक्षा र स्वास्थ्य बीमाको बहस

संयुक्त राज्य अमेरिकामा भर्खरै मात्र राष्ट्रपतिको निर्वाचन सम्पन्न भएको छ । त्यसो त विश्वकै शक्ति राष्ट्र भएकाले त्यहाँको निर्वाचनले सबैको ध्यान तानेको हुन्छ । कोरोनाको महामारीबीच भएको यो पालीको चुनावमा पनि विश्वले विशेष अर्थका साथ त्यसलाई ध्यान दिएको पाइयो ।

सबै प्रकारका निर्वाचनमा जस्तै अमेरिकी चुनावमा पनि उम्मेदवारहरुले आफ्ना मतदाताहरुलाई आकर्षित गर्न विभिन्न आकर्षक नारा र कार्यक्रम दिने गर्दछन् । अमेरिकी अर्थनीति, सामरिक नीति, विदेश नीति आदिले बिशेष ध्यान खिचे पनि उम्मेदवारहरुको सामाजिक सुरक्षाप्रतिको दृष्टिकोण र सम्भावित कार्यक्रमहरुले पनि मतदाताहरुलाई प्रभाव पारिराखेको हुन्छ । यस पालीको चुनावमा पनि त्यस्तै भयो ।

अमेरिका सामाजिक सुरक्षा कार्यक्रम लागु गर्ने मुलुकहरुको सूचीको अग्रणी देशहरुमा पर्दछ । सन् १९३५ मा तत्कालीन रास्ट्रपति रुज्बेल्टले सामाजिक सुरक्षाका कार्यक्रमहरु सुरु गरे यता हरेक राष्ट्रपतीय चुनावमा यसले महत्व पाउँदै आएको छ ।

यो लेखमा यो वर्षको चुनावका मुख्य दुई उम्मेदवार बहालवाला राष्ट्रपति डोनाल्ड ट्रम्प र उनका प्रतिद्वन्द्वी जो बाइडनको सामाजिक सुरक्षाप्रतिको दृष्टिकोण र प्रस्तावित कार्यक्रमका बारेमा चर्चा गरिएको छ ।

## औषधि, स्वास्थ सेवाको मूल्य र कोरना प्रतिकार

यो विषयमा दुवै उम्मेदवारहरुले औषधि र स्वास्थ्य सेवाको मूल्य घटाउने बताएका छन् । दुबैले वैकल्पिक मार्ग प्रयोग गरेर भए पनि औषधि र स्वास्थ्य सेवाको मूल्य घटाउने कुरालाई जोड दिएका छन् ।

तथापि ट्रम्पले १ बर्षभित्र कोभिडको भ्याक्सिन सबैलाई दिने घोषणा गरेका थिए भने कोरोना रोकथाममा ट्रम्पको आलोचना गर्दै आएका बाइडनले कोरोना बिरुद्ध एउटा कार्य समिति नै बनाएर आक्रामक कदम चाल्ने बताएका थिए । बाइडनले त अप्रभावकारी रहेका नीजि बिमा कम्पनीमा आबद्ध रहेका बिमितहरुलाई सरकारी बिमामा स्थानान्तरण गर्न मिल्ने बनाउने भनेका छन् ।







## ओबामा केयर र सहुलियतपूर्ण स्याहार ऐन

तत्कालीन राष्ट्रपति बाराक ओबामाले ओबामा केयर कार्यक्रम शुरु गरेका थिए । यो एउटा स्वास्थ्य कार्यक्रम हो जसमा दीर्घकालीन रोगसँग

लड्न नागरिकहरुलाई राज्यले सहुलियत दिने गर्दछ। ४ बर्षअघि राष्ट्रपति निर्वाचित हुँदा डोनाल्ड ट्रम्पले ओबामा केयर ठूलो दुर्घटना हो, यसले गर्दा राज्यले ठूलो आर्थिक क्षति ब्यहोर्नु परिरहेको बताएका थिए। त्यसैकारण ट्रम्पको कार्यकालमा ओबामा केयरले प्राथमिकता पनि पाएन र सोसँग सम्बन्धित बजेट कटौति गरे। उनको तर्क यस्ता कुरालाई संघीय स्तरले भन्दा राज्य स्तरले जिम्मा लिनुपर्ने भन्ने थियो।

यो पटक डेमोक्रेटिक उम्मेदवार बाइडनले आफू बिजयी भए ओबामा केयरलाई पुन: सक्रिय बनाउने र नागरिकहरुको स्वास्थ सेवा पूर्ववत् बनाउने बताएका छन्। त्यसका साथै बाइडनले सहुलियतपूर्ण स्याहार ऐन (Affordable Care Act) को कार्यक्षेत्रलाई पनि बृहत बनाई मासिक तिर्नुपर्ने प्रिमियम घटाउने र बिरामीको खर्च कम गराउने गरी राज्यले सहुलियत दिने घोषणा नै गरे।

## निवृत्तिभरण कोष संचालन

कोरोनाको माहामारी बढ्नु अघि नै अमेरिकी निवृत्तिभरण वितरण गर्ने संस्थाले निवृत्तिभरण वितरण गर्ने रकम कम हुन थालेको बताउन थालिसकेको थियो। कोरोना प्रकोपपछि त यो झन् भयावह भयो। यस्तो अवस्थामा राष्ट्रपति ट्रम्पको निवृत्तिभरण कोष कसरी संचालन गर्ने भन्ने कुनै ठोस योजना देखिएन। ट्रम्पको नीतिअनुसार केही कर छुट दिने र निवृत्तिभरण कोष चालु राख्ने अभिव्यक्ति आएको थियो।

यता बाइडनले पेन्सन पाउने उमेरलाई ६५ बाट घटाएर ६२ बनाउने, योगदान रकममा १२.४% बाट केही वृद्धि गरी १४% पुऱ्याउने, बार्षिक खर्च समायोजन गर्ने र कर छुटको कुरा उल्लेख गरेका थिए।

यसरी दुवै उम्मेदवारहरुले सामाजिक सुरक्षा र स्वास्थ्य बीमालाई प्राथमिकतामा राखेर आफ्ना धारणा राखेका थिए। अहिले त्यसको प्रभाव पनि देखिइसकेको छ। जति बढी सामाजिक सुरक्षा र बीमा सुरक्षित हुन्छ जीवनस्तर त्यति नै सहज र उच्च हुन्छ। यो तथ्य बुझेका अमेरिकी जनताले सामाजिक सुरक्षा र स्वास्थ्य बीमाकै पक्षमा मतदान गरेको देखिन्छ।

# निमन्त्रणा

# सामाजिक सुरक्षा दिवश - २०७७

# मङ्सीर ११

***Time: Nov 26, 2020 10:00 AM Kathmandu***

***Join Zoom Meeting***
***https://zoom.us/j/94059084704?pwd=elg1aGRxcGN0NFhEU1NCcm95QzJ2Zz09***

***Meeting ID: 940 5908 4704***
***Passcode: ssfnepal***

*कार्यक्रम सम्बन्धी बिस्तृत विवरण कोषको फेसबुक लगायत पेजमा केही दिन अगाडि जानकारी गराइनेछ*

## कार्तिक २६गतेसम्ममा कोषमा आबद्ध रोजगारदाता, योगदानकर्ता र जम्मा योगदान रकमको विवरण

## श्रावण मसान्तसम्ममा कोषमा आबद्ध रोजगारदाता, योगदानकर्ता र जम्मा रकमको विवरण

| अवधि | रोजगारदाता | योगदानकर्ता | जम्मा योगदान रकम(रु) | बीमा दाबी भुक्तानी शीर्षक | संख्या |
|---|---|---|---|---|---|
| २०७६- श्रावण मसान्तसम्म | ४२३२ | ३२५७५ | - | औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा दाबी भुक्तानी | ४४६ |
| २०७६- भाद्र मसान्तसम्म | ४९१५ | ५२७२२ | १५८०७५६४.९ | | |
| २०७६- आश्विन मसान्तसम्म | ८४४२ | ९३९६० | ६६५२६८१६.९ | | |
| २०७६- कार्तिक मसान्तसम्म | ९३५९ | १०५९८९ | १४१९१५१६८.२ | | |
| २०७६- मंसिर मसान्तसम्म | ११७९६ | १३१५१९ | २८२३९५३५३.८ | दुर्घटना तथा असक्तता दाबी भुक्तानी | ३४ |
| २०७६- पौष मसान्तसम्म | १२०३४ | १३६८४७ | ४३१७६२७०६. | | |
| २०७६- माघ मसान्तसम्म | १२१४८ | १४५३८३ | ६२१३७५९१२.३ | | |
| २०७६- फाल्गुन मसान्तसम्म | १२२८७ | १५१९०८ | ७८१४६५३५९.८ | आश्रित परिवार सुरक्षा दाबी भुक्तानी | २४ |
| २०७६- चैत्र मसान्तसम्म | १२३२० | १५६६४८ | ८८६११७३९०.६ | | |
| २०७७- वैशाख मसान्तसम्म | १२३३५ | १५७९१६ | १०२१६०००२३.४६ | | |
| २०७७- जेष्ठ मसान्तसम्म | १२३६० | १६१५८८ | १२०६४८२७३१.६४ | उपदान दाबी भुक्तानी | ३२ |
| २०७७- आषाढ मसान्तसम्म | १२४७९ | १६८२४२ | १६१६८३९७६८.९४ | | |
| २०७७- श्रावण मसान्तसम्म | १२६१७ | १७१२५४ | १६७ ००६६१२३.९ | | |
| २०७७- भाद्र मसान्तसम्म | १२६९७ | १७४४७४ | १७८.१७ करोड | कुल दाबी भुक्तानी रकम | ११४१६९६८.८४.० |
| २०७७- आश्विन मसान्तसम्म | १२८४३ | १७७३३२ | २८२.४५ करोड | | |
| २०७७- कार्तिक २६ गतेसम्म | १२८८९ | १७९०८४ | ३०१.०९ करोड | | |


सामाजिक सुरक्षा खवबरका सम्बन्धमा सल्लाह सुझावका लागि

संरक्षक :
कपिलमणि ज्ञवाली

सल्लाहकार :
विवेक पन्थी

सम्पादन समूह:
रोशन कोजू, पि.एच.डी.
दिनेशकुमार कोइराला
दिपकराज भट्ट

कम्प्युटर ले-आउट तथा डिजाइन:
आनन्द वंश न्यौपाने

भाषा सम्पादन तथा शुद्धाशुद्धि:
ऋषिराम पाण्डेय



**सामाजिक सुरक्षा कोष**
बबरमहल, काठमाण्डौं, नेपाल
फोन: ४२५६१४४ र ४२५६३१५
ई-मेल: media@ssf.gov.np
वेबसाइट: www.ssf.gov.np


@ssfnepal2011

@ssf_nepal

Social Security Fund Nepal

SSFNepal